घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्रसंख्याः २०७७/७८

चलानी नं. 36


मितिः २०७८/०४/०४

## सामाजिक सुरक्षा परिचयपत्र नविकरण सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रस्तुत बिषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम (१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले श्रावण महिना देखि कार्तिक मसान्त भित्र सम्बन्धित वडा कार्यालयमा नविकरणको लागि निवेदन दिनु पर्ने व्यहोरा उल्लेख भएको भएता पनि आ.व २०७८/०७९ को बजेट वक्तव्य बमोजिम आ.व.२०७८/०७९ देखि त्रैमासिक बजेट निकासा हुने भएकोले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम त्रैमासिक बजेट निकासा गरी असोज मसान्त भित्र पहिलो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने हुँदा **२०७८ श्रावण १ गते देखि भदौ मसान्त भित्र** अनिवार्य रुपमा सम्बन्धित वडा कार्यालयमा उपस्थित भै तोकिएको ढाँचामा निवेदन दिई आफ्नो सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराउनुहुन सूचित गरिन्छ। साथै उक्त बमोजिमको म्याद भित्र नविकरण नभएका लाभग्राहीको लगत कट्टा गरिने प्रावधान समेत रहेको हुदाँ सोही अनुरुप गर्नु गराउनु हुन समेत अनुरोध छ। आफै उपस्थित हुन नसक्ने व्यक्तिको हकमा निजको आमा, बाबु, संरक्षक, माथवर वा स्याहार सुसार गर्ने व्यक्तिले निवेदन दिन सक्नेछन्।

**सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्न आउदा ल्याउनुपर्ने कागजातहरु/वडा सचिवले संकलन गर्नुपर्ने कागजातहरुः**

- १ प्रति फोटो, नागरिकता प्रमाणपत्रको प्रतिलिपी र सक्कलै सामाजिक सुरक्षा परिचयपत्र।
- बालबालिकाको हकमा जन्म दर्ताको प्रतिलिपी, संरक्षक बाबु वा आमाको नागरिकताको प्रतिलिपी।
- ६० वर्षको भन्दा कम उमेरको विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्र तथा अर्को विवाह नगरेको प्रमाणित सिफारिस।
- ६० वर्षको भन्दा बढी उमेरको ज्येष्ठ नागरिक एकल महिलाको हकमा

(ङ) पतिको मृत्यु भएकोमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

(च) विवाह नगरेको महिलाको हकमा वडाको सिफारिस पत्र,

(छ) सम्बन्ध विच्छेद गरी अर्को विवाह नगरेको महिलाको हकमा सम्बन्ध विच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाण,

(ज) न्यायिक पृथकीकरण गरी बसेकी महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाण,

- अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गगता परिचयपत्रको प्रतिलिपी तथा संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी (साविक महिला तथा बालबालिका कार्यालय वा गा.वि.स ले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुने छैन)

**पुनश्चः**

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु सँग हालसम्म पनि पुराना सामाजिक सुरक्षा परिचयपत्र पाईएको हुँदा उक्त पुराना परिचयपत्र खिचि गाउँपालिकाले जारी गरेको नयाँ सामाजिक सुरक्षा परिचयपत्र प्रदान गर्नुहुन।
- सामाजिक सुरक्षा परिचयपत्र नविकरण निवेदनको ढाँचा यसै सूचना साथ संलग्न छ।

**बोधार्थः**

३. श्री सूचना प्रविधि शाखा, सुचना सम्प्रेषणको लागि।

४. श्री ५ वटै वडा कार्यालयहरु, आवश्यक समन्वयको लागि।

(गौरी प्रसाद आचार्य)

प्रमुख प्रशासकीय अधिकृत


कार्यालय ठेगानाः घरपझोङ गाउँपालिका वडा नं. ४,जोमसोम,मुस्ताङ/ फोन नं. ०६९-४४००१६

Email: gharapjhongrmunicpality@gmail.com, info@gharapjhongmun.gov.np

website: https://gharapjhongmun.gov.np

# सामाजिक सुरक्षा परिचयपत्र नविकरण गर्ने निवेदनको ढाँचा

मितिः २०७८/..../....

श्री वडा अध्यक्षज्यू,
वडा नं. ... घरपझोङ गाउँपालिका, मुस्ताङ।

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नविकरण गराई पाउँ।**

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम आगामी आर्थिक वर्षमा पनि सामाजिक सुरक्षा भत्ता पाउनको लागि आर्थिक वर्षको भदौ मसान्त भित्र नविकरण गर्नुपर्ने प्रावधान रहेकोले देहायको विवरण सहित यो दरखास्त पेश गरेको छु। मैले राज्यकोषबाट मासिक पारिश्रमिक, पेन्सन वा यस्तै प्रकारका कुनै अन्य सुविधा पाएको छैन। व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून बमोजिम सहुँला बुझाउँला।

**सामाजिक सुरक्षा भत्ताको किसिमः (उपयुक्त कुनै एकमा चिन्ह लगाउने)**

१. ज्येष्ठ नागरिक अन्य (७० बर्ष माथि)
२. ज्येष्ठ नागरिक दलित (६० वर्ष माथि)
३. ज्येष्ठ नागरिक एकल महिला (६० वर्ष माथि)
४. असहाय एकल महिला (विधवा)
५. अति अशक्त अपाङ्गता
६. पूर्ण अपाङ्गता
७. दलित बालबालिका

**निवेदक**

लाभग्राहीको नामथरः
ठेगानाः
लिङ्गः
परिचयपत्र नं.
दस्तखतः
सम्पर्क नम्बरः

**बालबालिका वा अपाङ्गताको हकमाः**

संरक्षकको नाम थरः
संरक्षकको दस्तखतः
सम्पर्क मोबाईल नं.

**कार्यालय प्रयोजनको लागि**
निवेदनको व्यहोरा ठिक छ भनी प्रमाणित गर्ने
वडा अध्यक्षको नामथरः
दस्तखतः
नाम नविकरण निर्णय मितिः
भत्ताको किसिमः
परिचयपत्र नं.

प्रमुख प्रशासकीय अधिकृत